Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड ठेगाना : काठमाण्डौ महानगरपालिका-११, एल.एस. कम्प्लेक्स, थापाथली, काठमाण्डौ, नेपाल ।
फोन नं.: ०१-५९७०२१७, ०१-५३१६०००
इमेलः info@citizenlifenepal.com, वेभसाइट www.citizenlifenepal.com

## साधारण शेयरको निष्काशन तथा बिक्री बन्द बारेको सूचना

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रु.३,७५,००,००,०००/- (अक्षरेपी तीन अर्ब पचहत्तर करोड मात्र) मध्ये ३०% अर्थात रु.१,१२,५०,००,०००/- (अक्षरेपी एक अर्ब बाह्र करोड पचास लाख) रकम बराबरको १,१२,५०,००० कित्ता मध्ये ५% ले हुने रु. ५,६२,५०,०००/- (अक्षरेपी पाँच करोड बैसठ्ठी लाख पचास हजार) रकम बराबरको ५,६२,५०० कित्ता शेयर प्रति शेयर रु.१००/- अङ्कित दरमा कर्मचारीहरुको लागि र बाँकी रु.१,०६,८७,५०,०००/- (अक्षरेपी एक अर्ब छ करोड सतासी लाख पचास हजार) रकम बराबरको १,०६,८७,५०० कित्ता शेयर प्रति शेयर रु.१००/- अङ्कित दरमा प्रिमियम वापत रु.१४४/- थप गरी जम्मा प्रति शेयर मूल्य रु.२४४/- मा अन्य सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिएको । कुल निष्काशनको १०% अर्थात ११,२५,००० कित्ता साधारण शेयरहरु नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि र ५% अर्थात ५,६२,५०० कित्ता शेयरहरु सामूहिक लगानी कोषका लागि "धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४ (सातौं संशोधन सहित)" को अधिनमा रहि बाँडफाँड गरी बाँकी रहेका ९०,००,००० कित्ता साधारण शेयरहरु मिति २०८० भाद्र १५ गते देखि सर्वसाधारणमा निष्कासन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८० भाद्र १९ गते (बैंकिङ्ग समय पश्चात)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८० भाद्र १९ गते (बैंकिङ्ग समय पश्चात)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

**दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०** | **दरखास्त दिन पाउने अधिकतम कित्ता : १५,००,०००**

**दरखास्तसाथ प्रति शेयर रू.१००/- मा**
**प्रिमियम वापत रू.१४४/- थप गरि प्रति शेयर रू.२४४/- शतप्रतिशत भुक्तानी गर्नुपर्ने।**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | चैत्र मसान्त २०७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | १३४.५७ | १५१.९४ | १७२.४३ | १५४.७४ | १९१.१२ | १६०.४१ | १७८.७९ |
| प्रति शेयर आम्दानी (रु.) | १५.३७ | १७.१७ | २१.४९ | ६.८८ | १६.३१ | १७.०७ | १८.३८ |
| संचित नाफा नोक्सान (रु.हजारमा) | ६०५,००७ | ९०९,०११ | १,२६७,६०६ | १,४३७,०४८ | ३,४१७,१६८ | ३,०२०,५६१ | ३,९३९,३९५ |

### क्रेडिट रेटिङ्ग सम्बन्धमा

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (चौथो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूयर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट मिति २०८०/०२/२६ मा "[ICRANP-IR] BBB" (Pronounced ICRA NP Issuer Rating BBB) प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेको (Moderate degree of safety regarding timely servicing of financial obligations) मानिन्छ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ ।

रेटिङ्ग प्राप्त गरेको मिति : २०८०/०२/२६ (सन् २०२३ जुन ०९) बहाल रहने मिति : २०८१/०२/२५ (सन् २०२४ जुन ०७)

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः**

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलः info@nimbacecapital.com, वेबसाइटः www.nimbacecapital.com

**मिति २०८० भाद्र १९ गतेको "आर्थिक अभियान" दैनिकमा प्रकाशित गर्ने**